# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ३०**

मिति २०८१।०२।०९

## छलफल तथा निर्णय

निर्णयहरु

१. अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको आजको बैठकमा उपस्थित सदस्यहरुमध्ये जेष्ठ सदस्य माननीय राजेन्द्र सिंह रावलज्यूको सभापतित्वमा आजको बैठक बस्यो ।

२. चालु आ.व.मा मन्त्रालयको स्विकृत बजेट तथा कार्यक्रममध्ये हालसम्मको प्रगति विवरण तथा आगामी आ.व.को लागि सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणको प्रक्रियाको अवस्थाका बारेमा समितिका सदस्यहरुको चासो उत्पन्न भएकोले तत्सम्बन्धमा छलफल परामर्श गर्नका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवलाई आमन्त्रण गरिएकोमा समितिका सदस्यहरु माननीय राजेन्द्र सिंह रावल, माननीय खगराज भट्ट, माननीय मेघराज खड्का, माननीय शिवसिंह ओली, माननीय चक्र बहादुर मल्ल, माननीय ललिता सुनार लगायतले मन्त्रालयको तेस्रो चौमासिक प्रगति समिक्षाका सम्बन्धमा जिज्ञासा राख्नुभए पश्चात् मन्त्रालयका निमित्त सचिव र वन अधिकृतले समितिमा उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो।

३. दक्ष प्राविधिक जनशक्ति अभावका कारण उद्योग, पर्यटन, वन तथा वातावरणसँग सम्बद्ध कार्यहरु समयमै गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको, कामको अनुगमन निरिक्षणमा बाधा पुगेको, साथै अत्यधिक कामको चापका कारण नीति निर्माण तथा कार्यान्वयन लगायतका कार्यहरु अवरुद्ध भैरहेको सन्दर्भमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका विभिन्न जिल्लामा रहेका कार्यालयमार्फत कर्मचारी अभावले गर्दा योजना कार्यान्वयन गर्न नसकिएको जसले गर्दा पुँजीगत खर्च न्यून भएको बुझिन आएको छ । प्रदेश संरचनाको गठनको ७ वर्ष र प्रदेश निजामती सेवा ऐन बनेको १ वर्ष वितिसक्दा पनि मौजुदा दरवन्दीमा कर्मचारी पदपुर्ति गर्न नसक्नु, संगठन तथा व्यवस्थापन (O&M) सर्भे गरी प्रदेशका विभिन्न सरकारी निकायहरुका लागि आवश्यक कुल कर्मचारीहरुको संख्या समेत यकिन गर्न नसक्नुमा प्रदेश सरकारको संयन्त्र निकै कमजोर रहेको भान हुन्छ । त्यसैको असर प्रदेश सभा र यसका विषयगत समिति तथा संसदीय दलका कार्यालयहरुमा परेको छ । तसर्थ, प्रदेश सरकारलाई मातहतका निकायहरु सञ्चालन तथा सरकारका नीति तथा योजना कार्यान्वयनका लागि आवश्यक कर्मचारीहरुको संख्या यकिन गर्न प्रदेश सरकारको कानुन बमोजिम संगठन तथा व्यवस्थापन (O&M) सर्भेको कार्य तत्काल प्रारम्भ गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लिखित रुपमा निर्देशन दिने ।

४. सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष ०८१।०८२ को नीति तथा कार्यक्रममा जनशक्ति व्यवस्थापन, प्रदेशको आयवृद्धि गर्ने गरी उद्योग, पर्यटन क्षेत्रको पहिचान तथा विकास र त्यसमा आश्रीत रोजगारी सिर्जना, प्रदेशका नागरिकहरुलाई आत्मनिर्भर बनाउन आयमुलक सीप तथा

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ३०**

मिति २०८१।०२।०९

## छलफल तथा निर्णय

दक्षता प्रदान गर्ने, खनिज पदार्थको खोज, अनुसन्धान तथा अन्वेषण, देवाटवी सर्कीट निर्माण, ऐतिहासिक तथा मेमोरियल पार्कहरु निर्माण, वन र वन्यजन्तुको संरक्षण, तेन्दु प्रजाती तथा विजयसाल संरक्षण, दिगो वन व्यवस्थापन रणनीतिक योजना तयारी, श्रोतसाधन सम्पन्न वन्यजन्तु उद्दार टोलीको व्यवस्थापन, वन क्षेत्रको सुशासन कायम, नदी प्रणालीमा आधारीत जोखिमयुक्त जलाधार क्षेत्रको पहिचान तथा संरक्षण, संगठन संरचना तथा दरवन्दी व्यवस्थापन सर्भे लगायतका क्षेत्रहरु प्राथमिकताका साथ समावेश गर्नेतर्फ मन्त्रालयले विचार पुऱ्याउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिईयो ।

५. समितिका सदस्य माननीय मेघराज खड्काज्युले समितिको बैठक सञ्चालनका क्रममा समितिको कार्यविधी कार्यान्वयन होस भनी माननीय सभापतिज्युको ध्यानाकर्षण गर्नुभयो ।

६. चालु आ.व.मा मन्त्रालयको स्विकृत बजेट तथा कार्यक्रममध्ये हालसम्मको प्रगति विवरण तथा आगामी आ.व.को लागि सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणको प्रक्रियाको अवस्थाका बारेमा समितिका सदस्यहरुको चासो उत्पन्न भएकोले तत्सम्बन्धमा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिवसँग छलफल परामर्श गर्नका लागि समितिको अर्को बैठक मिति २०८१।०२।११ गते दिउँसो ०३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि आजको बैठक स्थगित गरियो ।